# सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि.

# Siddhartha Premier Insurance Ltd.

TRUST AND SECURITY

सिद्धार्थ प्रिमियर भवन, बबरमहल (हनुमानस्थान), काठमाण्डौ, नेपाल
फोनः ०१-५७०५७६६, ५७०५४४७, फ्याक्सः ९७७-०१-५७०६७७६
E-mail- siddharthapremier@spil.com.np


**को**

## शेयरधनी महानुभावहरुलाई नगद लाभांश वितरण सम्बन्धी सूचना

यस सिद्धार्थ प्रिमियर इन्स्यारेन्स लिमिटेडको मिति २०८०/११/३० गतेका दिन सम्पन्न ३०औं वार्षिक साधारण सभाबाट यस कम्पनीका शेयरधनीहरुलाई आ.व.२०७९/०८० को मुनाफाबाट चुक्ता पूँजीको ११ प्रतिशतका दरले नगद लाभांश (कर समेत) वितरण गर्ने प्रस्ताव पारित भए बमोजिम उक्त नगद लाभांश आज मिति २०८०/१२/१४ गते बुधबारका दिनदेखि एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंबाट देहाय बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा उपलब्ध गराएको बैंक खातामा क्रमशः जम्मा/भुक्तानी गर्ने व्यवस्था गरिएको व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

क. साधारण सभा प्रयोजनकालागि शेयर दाखिला बन्द हुने मितिसम्ममा कायम रहेका शेयरधनीहरुको हितग्राही खातामा बैंक खाताको विवरण अद्यावधिक भएको हकमा नगद लाभांश वापतको रकम सोही खातामा नै जम्मा गर्ने व्यवस्था गरिएको छ।

ख. हालसम्म पनि अभौतिकीकरण (DEMAT) नगराउनु भएका वा हितग्राही खाता खोलेर पनि यस कम्पनीको शेयर अभौतिकीकरण नगराउनु भएका शेयरधनी महानुभावहरुले आफुलाई पायक पर्ने निक्षेप सदस्यकोमा हितग्राही खाता खोल्नु भई आफ्नो शेयर यथाशक्य छिटो अभौतिकीकरण गराई हितग्राही खातामा आफ्नो बैंक खाताको विवरण अद्यावधिक गर्नु भए पश्चात सोही बैंक खातामा नगद लाभांशको रकम जम्मा गर्ने व्यवस्था मिलाईनेछ।

ग. आफ्नो शेयर अभौतिकीकरण (DEMAT) गराईसक्नु भएका तर हितग्राही खातामा बैंक खाता अद्यावधिक नगराउनु भएका शेयरधनी महानुभावहरुले यथाशक्य छिटो आफ्नो हितग्राही खातामा बैंक खाता नं. अद्यावधिक गराउनु भएमा निजहरुको नगद लाभांश सोही खातामा क्रमानुसार जम्मा गर्ने व्यवस्था गरिनेछ।

घ. बैंक खातामा नगद लाभांश जम्मा गर्दा सम्बन्धित बैंक वा वित्तीय संस्थाको नियमानुसार कुनै शुल्क लाग्ने भएमा सो शुल्क शेयरधनीले नै व्यहोर्नु पर्नेछ।

ङ यस कम्पनीको शेयर दाखिला खारेजी बन्द हुने दिनसम्ममा मर्जर पश्चात गाभिने बैंक तथा वित्तीय संस्थाको खाता नं. रहेका शेयरधनीहरुको खाता नं. परिवर्तन हुने हुँदा त्यस्ता शेयरधनीहरुको लाभांशको रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट फिर्ता आउन सक्ने हुँदा यथाशक्य छिटो आफ्नो परिवर्तित नयाँ खाता नं. हितग्राही खातामा अद्यावधिक गराउनु हुन यसै सूचना मार्फत अनुरोध गरिन्छ।

च. साविक सिद्धार्थ इन्स्योरेन्स लिमिटेड साविकको प्रिमियर इन्स्योरेन्स लिमिटेडमा गाभिएको हुनाले गाभिएको मिति २०७९/११/१७ गते भन्दा अघिल्लो दिनसम्ममा कायम रहेको साविकको सिद्धार्थ इन्स्योरेन्सका शेयरधनीहरुलाई आयकर ऐन, २०५८ को दफा ४७क को उपदफा ५ मा भएको व्यवस्था बमोजिम नगद लाभांशमा कर कट्टा नगरिएको र साविक प्रिमियर इन्स्योरेन्सका शेयरधनीहरुलाई निजले प्राप्त गर्ने नगद लाभांशमा कर कट्टा गरिएको साथै मर्जर भएको मिति २०७९/११/१७ गतेदेखि शेयर खरीद गरेका शेयरधनीहरुको हकमा थप भएको शेयरमा कर कट्टा गरेर मात्र नगद लाभांश भुक्तानी गरिएको छ।

**आफ्नो शेयर धितोमा राखी कर्जा सुविधा उपभोग गर्दै आउनु भएका शेयरधनीहरुको हकमाः**
यस साधारण सभा प्रयोजनकालागि शेयर दाखिल खारेजी बन्द भएको मिति २०८०/११/११ भन्दा अघिल्लो दिनसम्ममा आफ्नो शेयर धितोमा राखी कर्जा सुविधा उपभोग गर्नुभएका शेयरधनी महानुभावहरुले सम्बन्धित बैंक वा वित्तीय संस्थाबाट धितो राखेको शेयरको संख्या समेत खुल्ने गरी No Objection Letter अथवा उल्लेखित मिति पछाडी कर्जा चुक्ता गर्नु भएका शेयरधनीहरुले नगद लाभांश फुकुवा गरिदिने पत्र प्राप्त गरी एनएमबि क्यापिटल लिमिटेडमा पेश गरे पश्चात् नगद लाभांश निज शेयरधनीको हितग्राही खातामा उल्लेख गरेको बैंक खातामा जम्मा गर्ने व्यवस्था गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

**शेयर रजिष्ट्रारः**


NMB CAPITAL
एनएमबि क्यापिटल

**एनएमबि क्यापिटल लिमिटेड**
बालुवाटार, काठमाडौं, नेपाल, फोनः ९७७-०१-४५३७९६०
इमेलः info@nmbcl.com.np वेबसाइटः www.nmbcl.com.np